
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क २२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ १३ गते बिहीबार ❑ 29 Aug 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## शान्तिसुरक्षा र कानुनी राज्यको अनुभूति दिलाउन नागरिकको पनि भूमिकाः मुख्यमन्त्री

**पोखरापत्र संवाददाता**
गण्डकी, १२ भदौं

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले समाजमा शान्तिसुरक्षा कायम गर्न र कानुनी राज्यको अनुभूति दिलाउन नागरिकको पनि महत्वपूर्ण भूमिका हुने बताउनुभएको छ।

मुस्ताङस्थित इलाका प्रहरी कार्यालय मुक्तिनाथको नवनिर्मित भवनको बुधबार उद्घाटन गर्दै उहाँले सरकारसँगै नागरिक समाजसँगको सहकार्यमा शान्तिसुरक्षाकाप्रभावकारितासँगै कानुनी राज्यको अनुभूति दिलाउन सकिने बताउनुभयो। भवन निर्माणसँगै धार्मिक पर्यटकीय तीर्थस्थल मुक्तिनाथ आउने पर्यटक र स्थानीयको शान्तिसुरक्षामा सेवा गर्न प्रहरीलाई सहज हुने उहाँले विश्वास व्यक्त गर्नुभयो। संविधानअनुसार कानुन नबन्दा प्रहरी समायोजन हुन नसकेको बताउँदै उहाँले समायोजन नहुँदा चाहेर पनि प्रदेश सरकारले आवश्यकता र अपेक्षाअनुसार प्रहरीलाई सबै सहयोग गर्न नसकिएको उल्लेख गर्नुभयो।



प्रदेशको शान्तिसुरक्षाका लागि सरकारले सुरक्षा निकायलाई भौतिक पूर्वाधार, उद्धार सामग्री, यन्त्र उपकरण, क्षमता विकासका कार्यक्रममा सीमित साधनस्रोतका बीच प्रदेश सरकारले निरन्तर सहयोग गर्दै आएको उहाँको भनाइ छ। प्रदेश सरकारको रु तीन करोड ६० लाख लगानीमा निर्माण भएको भवन छ रोपनी चार आना क्षेत्रफलमा रहेको छ।

## पोखरा पर्यटन परिषदको अध्यक्षमा पहारी

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

पोखरा पर्यटन परिषदको अध्यक्षमा तारानाथ पहारी चयन हुनु भएको छ। परिषदको बुधबार पोखरामा सम्पन्न भएको २४ औं वार्षिक साधारण सभा तथा १३ औं अधिवेशनबाट गाउँ पर्यटन प्रबर्द्धन मंच नेपाल (भिटोफ) गण्डकी प्रदेशका संस्थापक अध्यक्ष पहारी आगामी दुई बर्षीय कार्यकालको लागि चयन हुनु भएको हो।



त्यसै गरी परिषदको हाल ६ जना सदस्य चयन हुनु भएको निर्वतमान अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनु भयो। परिषदको सदस्यमा हरि भुजेल, चौ बहादुर गुरुङ, बाबुराम पाण्डे, निम मगर, जीवन सापकोटा र नारायण सुवेदी चयन हुनु भएको परिषदले जनाएको छ। अन्य पदाधिकारी सहित थप ३ जना सदस्य अध्यक्षको तजविजमा चयन हुने भएको छ। यस अघि उक्त कार्यक्रमको उद्धाटन गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री बिन्दुकुमार थापाले गर्दै पोखरामा पर्यटनको बसाई अवधि लम्बाउन वाटर स्पोर्ट्स सम्बन्धि गतिविधि गर्नुपर्नेमा जोड दिनु भयो। भारतीय पर्यटकलाई आकर्षण गर्न छुट सहितका प्याकेज ल्याउन उहाँले व्यवसायीलाई आग्रह गर्नुभयो। उक्त अवसरमा पोखराका अग्रज पर्यटन व्यवसायी हरिप्रसाद पौडेललाई सम्मान गरिएको निर्तमान महासचिव संजयकान्त सिग्देलले बताए। होटल बाराही, बाराही जंगल लज लगायतका विभिन्न पर्यटन क्षेत्रमा करिब ३ अर्ब भन्दा बढी लगानी गरी पौडेल परिवारले ६ सय भन्दा बढीलाई रोजगार दिएको परिषदले जनाएको छ।

परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डे, प्रदेशका पर्यटन सचिव कुमानसिंह गुरुङ, गायक विवेक श्रेष्ठ, भारतिय पेन्सन क्याम्पका प्रशान्त सिंह वधेल, परिषदका पूर्व अध्यक्ष गोपी बहादुर भट्टराई, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारी लगायतले पोखराको पर्यटन प्रबर्द्धनमा नयाँ पर्यटन पर्यटकीय गन्तव्यको खोजि र प्रबर्द्धन गर्न जोड दिनु भयो।

## मुग्लिन-पोखरा पश्चिम खण्डमा कालोपत्र गरिँदै

**पोखरापत्र संवाददाता**
दमौली, १२ भदौं

निर्माणाधीन मुग्लिन-पोखरा सडक आयोजनाको पश्चिम खण्डमा २० किलोमिटर दुई लेनको सडक कालोपत्र सकिएको छ। तनहुँको जामुनेबाट पोखरासम्मको पश्चिम खण्डमा गत आर्थिक वर्षमा दुई लेनको २० किलोमिटर सडक कालोपत्र सकिएको हो।

मुग्लिन-पोखरा सडक आयोजना कार्यालयले गत आवमा १० किमी कालोपत्र गर्ने लक्ष्य राखेकामा लक्ष्य बमोजिमको काम सम्पन्न गरेको आयोजनाको पश्चिम खण्डका इञ्जिनियर नारायण पौडेलले जानकारी दिनुभयो। पश्चिम खण्डअन्तर्गत म्याग्दे गाउँपालिका, शुक्लागण्डकी नगरपालिका र पोखरा महानगरपालिका पर्दछन्। पौडेलका अनुसार सोही अवधिमा ०.५ किमी 'ट्र्याक' चौडा गर्ने काम भएको छभने ९५ प्रतिशत 'ब्याककटिङ' सम्पन्न भएको छ। सोही अवधिमा ११ पुल निर्माण गर्ने लक्ष्य रहेकामा पाँचवटा सम्पन्न भएका पौडेलले जानकारी दिनुभयो। निर्माण गर्नुपर्ने १३ पुलमध्ये आठ पुलको सुपर स्ट्रक्चरको निर्माण सम्पन्न भइसकेको उहाँको भनाइ छ।

विगत केही समय पश्चिम खण्डमा न्यून प्रगति भएको अवस्थामा अहिले कामको गति बढेको छ। गत आवमा आयोजना कार्यालयको पहलमा निर्माणसँग सरोकार भएका निकायको साथ र सहयोगले सडक स्तरोन्नतिको भौतिक प्रगति नौबाट २८ प्रतिशत पुगेको पौडेलले जानकारी दिनुभयो। "नेपालको अधिक वर्षा हुने क्षेत्रमा अवस्थित यस राजमार्गको स्तरोन्नति कार्यको सुरु डिजाइनमा सडकको सानो बफर क्षेत्रको मात्र गर्ने योजना बनाइएकामा सडकको अवस्था र चाप तथा नयाँ निर्माण भएको विमानस्थललाई दृष्टिगत गरी जामुनुबाट सेती पुलसम्मको डिजाइन परिवर्तन गरिएको छ", इञ्जिनियर पौडेलले भन्नुभयो।

सडकको स्तरोन्नति हुने क्षेत्रभित्र रहेका २४ वटा खानेपानी संस्थासँग सम्बन्धित पाइप लाइन तथा संरचनाहरू स्थानान्तरणका लागि सम्झौता भई सम्बन्धित उपभोक्ताबाट स्थानान्तरणको काम भइरहेको उहाँले उल्लेख गर्नुभयो। आयोजना कार्यालयले लागत बेहोर्ने गरी नेपाल विद्युत् प्राधिकरणका निकायमार्फत विद्युत् पोल स्थानान्तरण गर्न जिल्ला प्रशासन कार्यालय, विद्युत्सम्बन्धी सरोकार भएका निकायको समन्वयमा स्थानान्तरण गर्नुपर्ने दुई हजार ३१ पोलमध्ये एक हजार दुई सय ३६ स्थानान्तरण भइसकेको पौडेलले बताउनुभयो।

पश्चिम खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो। यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुई काइयुयान हाइवे एन्ड ब्रिज कन्स्ट्रक्सनले पाएको छ। विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो।

## बाढीपहिरो लगायतका विपद्मा परी २१० को मृत्यु

**रासस**
काठमाडौं, १२ भदौं

अविरल वर्षाको कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो लगायतका विपद्मा परी बुधबार दिउँसोसम्म दुई सय १० जनाको मृत्यु भएको छ।

बाढी, पहिरो लगायतका विपद्मा परी काठमाडौं उपत्यकामा तीन जना, कोशी प्रदेशमा २९ जना, मधेस प्रदेशमा आठ जना, बागमती प्रदेशमा ४६ जना, गण्डकी प्रदेशमा ५६ जना, लुम्बिनी प्रदेशमा ३८ जना, कर्णाली प्रदेशमा १४ जना र सुदूरपश्चिम प्रदेशमा १६ जना गरी जम्मा दुई सय १० जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो। उहाँका अनुसार बाढी पहिराका कारण काठमाडौं उपत्यकामा ११ जना, कोशी प्रदेशमा ४२ जना, मधेस प्रदेशमा १२ जना, बागमती

बाँकी अन्तिम पृष्ठमा ▶▶

## कास्कीका बराल नेकपा एसको केन्द्रीय सचिवमा निर्वाचित

**रासस**
काठमाडौं, १२ भदौं

नेकपा एकिकृत समाजवादीको केन्द्रीय सचिवमा कास्कीका श्रीनाथ वराल निर्वाचित भएका छन्।



नेकपा एसको पदाधिकारी चयनका लागी भएको निर्वाचनमा १ सय ७ मत प्राप्त गरी वराल निर्वाचित भएका हुन्। सचिवमा निर्वाचित भएका अन्यमा शेरबहादुर कुँवर १५३, चन्द्रबहादुर शाही ९१, सोमप्रसाद पाण्डे १४१ र सावित्रीकुमारी भुसाल १०६ मत प्राप्त गरी निर्वाचित भए। सचिवमै उमेद्वारी दिएका पोखरा महानगर पालिकाका मेयर धनराज आचार्य भने पराजित भए। उनले ७५ मत प्राप्त गरे। नवनिर्वाचित सचिव वराल पार्टी अध्यक्ष माधव नेपाल पक्षधर हुन् भने पराजित आचार्य महासचिव घनश्याम भुषाल निकट हुन्। पोखरा १३ आर्वा निवासी वराल नेकपा एस गण्डकी प्रदेश अध्यक्ष पनि हुन्। गत निर्वाचनमा कांग्रेस, माओवादी, नेकपा एस गठवन्धनवाट कास्की क्षेत्र नं. २ मा उमेदुवार बनेका बराल, पराजित भएका थिए। उनी तेस्रो स्थानमा रहँदै ९ हजार ६ सय ५९ मत प्राप्त गरेका थिए। उनी २०५४ सालमा जिल्ला विकास समिति कास्कीको उपसभापति निवार्चित भई कुशलतापूर्वक कार्य सम्पादन गरेका थिए।

यसै गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)को १८ केन्द्रीय पदाधिकारीका लागि भएको निर्वाचनको परिणाम सार्वजनिक भएको छ। वरिष्ठ उपाध्यक्ष पदमा राजेन्द्रप्रसाद पाण्डे मङ्गलबार नै सर्वसम्मतिले निर्वाचित हुनुभएको थियो। बुधबार सार्वजनिक मतपरिणामअनुसार पार्टीको उपाध्यक्ष पद (महिला) जयन्ती राई, उपाध्यक्ष (मधेसी समुदाय) धर्मनाथ साह निर्वाचित हुनुभएको हो। उपाध्यक्ष (खुला)मा जगन्नाथ खतिवडा, डा गङ्गालाल तुलाधर, भानुभक्त जोशी र प्रकाश ज्वाला निर्वाचित हुनुभएको छ।

यसैगरी उपमहासचिवमा राजेन्द्रकुमार राई, मेटमणि चौधरी, रामकुमार भट्टराई र गरिमा शाह निर्वाचित हुनुभएको पार्टीको निर्वाचन आयोगले जनाएको छ। पार्टीको सचिव पदमा (समावेशी) बलदेव चौधरी र सचिव (दलित) गणेश विक, सचिव (खुला) मा शेरबहादुर कुँवर, चन्द्रबहादुर शाही, सोमप्रसाद पाण्डे, सावित्री भुसाल र श्रीनाथ बराल चयन हुनुभएको पार्टीको निर्वाचन आयोगले जनाएको छ। पार्टीका १८ पदाधिकारीसहित एक सय पाँच पोलिटब्यूरो सदस्य छनोटका लागि मङ्गलबार राति मतदान भएको थियो। गत असारमा सम्पन्न महाधिवेशनले अध्यक्षपदमा माधवकुमार नेपाल, सम्मानित नेतामा झलनाथ खनाल र महासचिवमा घनश्याम भुसाललाई सर्वसम्मत चयन गरेको थियो।

## साफ यु-२० च्याम्पियनपशिप फुटबलको उपाधि बंलादेशलाई

**रासस**
काठमाडौं, १२ भदौं

बङ्गलादेशले नेपाललाई हराउँदै साफ (दक्षिण एसियाली फुटबल महासंघ) यु-२० च्याम्पियनपशिप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। बङ्गलादेशले सो उपाधि पहिलो पटक जितेको हो।

ललितपुरको सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) को मुख्यालयको खेलमैदानमा बुधबार भएको फाइनल खेलमा बङ्गलादेशले नेपालमाथि ४-१ गोलको जित निकाल्दै उपाधिमाथि कब्जा जमाएको हो। यसअघि दुईपटक फाइनलमा पुगेको बङ्गलादेश दुवै पटक पराजित हुँदै उपविजेता बनेको थियो। सन् २०१९ र सन् २०२२ मा भएको साफ च्याम्पियनशिपमा बङ्गलादेश फाइनलमा पुगेको थियो। त्यतिबेला दुवै पटक भारतसँग पराजित हुँदै बङ्गलादेश उपविजेतामा सीमित बनेको थियो। बङ्गलादेशको जितमा बुधबारको खेलमा मिराजुल

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मानसिक रोग अस्पताल सञ्चालन गरौँ - जि.स.स. कास्की प्रमुख पौडेल

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं

कास्कीमा मानसिक रोगको न्यूनीकरण र उपचार सम्बन्धी व्यवस्थापनका विषयमा जिल्ला समन्वय समिति कास्कीले एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीसहित गण्डकी प्रदेशमा मानसिक रोगको अवस्था गम्भीर देखिएको भन्दै त्यसको पहिचान, सुरक्षा र निदानका लागि छुट्टै अस्पताल स्थापना गर्नुपर्ने आवश्यकता देखिएको उल्लेख गर्नुभयो । पौडेलले मानसिक रोगले परिवार र समाजमा गम्भीर असर देखाउने भएकाले जिल्ला समन्वय समिति कास्कीले आफ्नो नीतिका माध्यमबाट संघीय सरकार, प्रदेश र स्थानीय तहलाई सोको व्यवस्थापनका लागि आग्रह गरिएको उल्लेख गर्नुभयो। उनले कास्कीका पालिकाहरूमा



विशेषज्ञ सेवासहितको सुविधायुक्त अस्पताल निर्माणमा केन्द्रित हुन आग्रह गर्नुभयो। मानसिक रोगको उपचारका लागि बिरामीहरूले काठमाडौं धाउनु पर्ने अवस्थाको अन्त्य आवश्यक रहेको भन्दै कास्कीका सञ्चालनमा रहेका अस्पतालहरूले उक्त रोगको उपचारका लागि छुट्टै प्रभावकारी युनिट खडा गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा कास्कीमा मानसिक रोगको अवस्था, उपचार र चुनौती र व्यवस्थापन सम्बन्धमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका मानसिक रोग विशेषज्ञ सहायक प्राध्यापक डा. राजेन्द्र घिमिरेले कार्यपत्र प्रस्तुत गर्नुभयो। डा. घिमिरेले स्थानीय, प्रदेश र संघीय सरकारबाट विशेष बजेटको व्यवस्थापनसहितका कार्यक्रम सञ्चालन भइरहेको उल्लेख गर्नुभयो । कार्यक्रममा जिसस कास्कीका उप प्रमुख सरिता माल, माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीन बहादुर गुरुङ, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका निर्देशक डा. भरत बहादुर खत्री, स्वास्थ्य कार्यालय कास्कीका प्रमुख राम्बहादुर नेपाली, पोखरा महानगरपालिकाका सामाजिक विकास महाशाखा अधिकृत अर्जुन नेउपाने, गैरसरकारी संस्था महासंघ कास्कीका अध्यक्ष डा. बुद्धि बहादुर थापा, जिल्ला प्रशासन कार्यालय कास्कीका प्रशासनिक अधिकृत भिष्मराज अर्याल, जिल्ला समन्वय अधिकारी नवराज बराल, शाखा अधिकृत भबिश्वर रेग्मी, कोपिला नेपालका कार्यकारी निर्देशक बिना सिलवाल, कोपिला नेपालकै कार्यक्रम संयोजक तिर्थ थापा, रेडक्रस कास्कीका उपसभापति उर्मिला खड्का लगायतका व्यक्तिहरूले आफ्ना धारणा राख्नुभएको थियो। सो कार्यक्रममा कास्कीका जिसस सदस्यहरू, पालिकाका स्वास्थ्य शाखा प्रमुखहरूसहित सरोकारवाला सरकारी र गैरसरकारी संस्थाका प्रमुख र प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रम जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

# ओनो ग्रुप नेपालको छात्रवृत्ति

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं

"हाम्रो सदिक्षाः यूवालाई रोजगारी, बालबालिकालाई शिक्षा" भन्ने मुल नाराका साथ सञ्चालित हाम्रो नयाँ अवसर सामुदायिक संस्था(ओनो)ले सामुदायिक बिद्यालय गरिब तथा जेहेनदार विधार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।

संस्थाले भाद्र ९ गते राप्ती न.पा-६,चितवनमा अवस्थित श्री भण्डारा माध्यामिक बिद्यालयमा आयोजित कार्यक्रममा राप्ती ११ मार्तालको जनज्योति आधार भुत बिद्यालयका ७ जना, राप्ती-४, काशिरुपा आधाभुत बिद्यालयका ४ जना तथा वडा नं ६ रत्ननगरको भण्डारा माध्यामिक बिद्यालयका ४ जना बिधार्थीलाई जनही १० हजारका दरले नगद तथा जिन्सीसहित छात्रवृत्ति प्रदान गरेको छ। त्यस्तै भाद्र १० गते दोर्दी गा.पा-६, किर्तिपुर लमजुङ्गको श्री भगवान आधारभुत बिद्यालयका १३ जना, श्री बालकल्यण माध्यामिक बिद्यालयका ३ जना, श्री भुमेस्थान प्राथामिक बिद्यालयका ४ जनालाई सोहि १० हजारका दरले छात्रवृत्ति दिइएको हो।

राप्ती न.पा वडा न. ६ का अध्यक्ष जल्लु महतोले सम्बोधन गर्दै जापान तथा नेपालमा रहेका ओनो परिवारको सहयोग प्रति हार्दिक आभार प्रकट गरे। विधार्थी तथा अभिभावकलाई प्राप्त छात्रवृत्ति रकम अन्य घर खर्चमा प्रयोग नगरी ओनोको उद्देश्य अनुरुप विद्यार्थीको शिक्षामा नै प्रयोग गर्न आग्रह गरे।

राप्ती न.पा.मा आयोजित कार्यक्रममा भण्डारा आ.वि सल्लाहाकार पशुपति खरेल,बिद्यालय व्य.स अध्यक्ष राम बहादरु सारु मगर,प्र.अ कुमार सिह लामा लगाएतले शुभकामना व्यक्त गरेका थिए । यता दोर्दी गा.पा बडा न.६ का अध्यक्ष नन्दराज घलेले सम्बोधन गर्दै ओनोले यो सहयोगलाई कक्षा १२ सम्म निरन्तरता दिन आग्रह गरे।

भगवान आ.वि का वि.व्य.स अध्यक्ष श्री मिन ब.घले , अभिभावक संघका अध्यक्ष श्री कृष्ण ब. गुरुङ, बिद्यालयका प्र.अ बर्खमान घले, ओनो नेपाल लम्जुङ्ग संयोजक सुनिल घले लगायतले कार्यक्रमका विच शुभकामना राखेका थिए।

ओनो ग्रुप नेपाल कोषाध्यक्ष बिना थापाले आर्थिक प्रतिवेदन पेश, सदस्य कपिल राज दाहाले विधार्थीहरु र जापानमा रहेका ओनो समुह विच अनलाईन अन्तरकृयाका लागि प्राविधिक सहजिकरण गरेका थिए।

संस्थाका अध्यक्ष देवीलाल शर्मा दाहालको अध्यक्षतामा भएको कार्यक्रको स्वागत ओनोका संस्थापक अध्यक्ष एवं सल्लाहकार भोलानाथ पौडेले र सञ्चालन सचिब बिष्णु बरालले गरेका थिए।

# पोखराका लोकराज पहारी किसान संघको केन्द्रीय सदस्य मनोनित

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं

पोखरा महानगरपालिका वडा नं ६ बैदाम निवासी लोकराज पहारी किसान संघको केन्द्रीय सदस्य मनोनित भएका छन्।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले उनलाई किसान संघमा मनोनित गरेको मंगलबार जारी विज्ञप्तिमा जनाइएको छ । पहारी ताल वाराही माध्यमिक विद्यालयमा नेविसंघको संस्थापक सभापति थिए । उनी सोही विद्यालयका पूर्व शिक्षक तथा नेपाल शिक्षंक संघ कास्कीका आजीवन सदस्य हुन् । साथै उनी पोखरा-५ स्थित धर्मस्थली आधारभूत विद्यालयको समेत पूर्व प्रधानाध्यापक हुन्।

हाल नेपाली काग्रेस वडा इकाइ ६ बैदाम का क्षेत्रिय प्रतिनिधि समेत रहेका पहारी कास्की काग्रेसमा इमानदार कार्यक्रताको रुपमा चिनिन्छन। नेपाल किसान संघ कास्कीको पूर्वअध्यक्ष, क्षेत्रीय अध्यक्ष हुँदै केन्द्रीय सदस्य भए । उनी राजनीतिकसँगै विभिन्न सामाजिक, शैक्षिक क्षेत्रमा सक्रिय छन्। लामो समय राजनीति गरे पनि उनी लाभको पदमा भने पुगेका छैनन्। पहारीले एमनेस्टी इन्टरनेशनल ८२ का संस्थापक सदस्य भएरसमेत काम गरे । उनीसँगै कास्कीकै लेखबहादुर गुरुङ, लमजुङका गणेश चिलवाल र बुद्धिबहादुर गुरुङ, स्याङ्जाका पवन नेपाल र भोजराज गुरुङसहित ५१ जना संघको केन्द्रीय सदस्यमा मनोनित भएका छन्।

# साफ यु-२० ...

स्लामले दुई गोल गरे भने रब्बी होसेन राहुल र मोहम्मद पिस अम्मद नोभाले समान एक-एक गोल गरे। खेलको पहिलो हाफको अतिरिक्त समयमा मिराजुलले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यसपछि खेलको ५५औं मिनेटमा अस्दुल मोल्लाले दिएको पासलाई सदुपयोग गर्दै मिराजुलले हेडमार्फत व्यक्तिगत दोस्रो गोल गरे। खेलको ७१औं मिनेटमा बङ्गलादेशका अर्का खेलाडी रब्बीले गोल गर्दै टोलीलाई तेस्रो अग्रता दिलाए । त्यस्तै, खेलको ८१औं मिनेटमा नेपालका समीर तामाङले गोल गरे । बङ्गलादेशका गोल किपर अगाडि गएको अवस्थामा सान्त्वना गोल गरे। यसैगरी, बङ्गलादेशका अर्का खेलाडी नोभाले खेलको दोस्रो हाफको अतिरिक्त समयमा एक गोल थपे। त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः बङ्गलादेशले नेपालमाथि ४-१ को ऐतिहासिक जित हासिल गऱ्यो। हारसँगै साफ च्याम्पियनशिपको उपाधिमाथि 'ह्याट्रिक' गर्ने नेपालको सपना अधुरै रहन पुगेको छ। नेपालबाटै सन् २०१५ मा साफ यू-१९ च्याम्पियनशिपका नामबाट सुरुआत भएको उक्त च्याम्पियनशिपको उपाधि सुरुआतमा नेपालले जितेको थियो । उक्त च्याम्पियनशिपको फाइनल खेलमा नेपालले भारतलाई 'टाइब्रेकर'मा पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको थियो।

# हेमजा उद्योगको स्थापना दिवसमा रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, १२ भदौं

कास्की पोखरा महानगरपालिका वडा न.२५,हेमजामा स्थापित हेमजा उद्योग व्यवसाय समितिले आफ्नो प्रथम स्थापना दिवसको अवसरमा बुधवार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

हेमजा मिलनचोकमा रक्त सञ्चार केन्द्र पोखराको प्रविधिक सहयोगमा आयोजिक कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् । पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवं वडा न.२५ हेमजा कार्यवाहक अध्यक्ष धन कुमारी पोखेल तिमिल्सिनाले पहिलो रक्तदाता हेमजा उद्योगका अध्यक्ष मिनराज तिम्सिनालाई ब्लड ब्याग हस्तान्तरण गरेर कार्यक्रमको उद्घघाटन गर्नुभयो। रक्तदानले परोपकार मात्र होइन,



दातालाई स्वास्थ्य लाभ पनि हने धारण राख्नु भयो।

कार्यक्रममा सल्लाहकार विश्वराज अधिकारी, सामुदायिक प्रहरी एवं सेवा केन्द्र हेमजाका उपाध्यक्ष देवि अधिकारी,लायन्स क्लब अफ हेमजा पोखराका अध्यक्ष सन्तमान क्षेष्ठ,ने.रे.सो हेमजा उपशाख सहसचिब कृष्ण बहादुर थापा साथै रक्त सञ्चार केन्द्रका कार्यालय प्रमुख महेश के.सी लगाएतले शुभकामना दिनुभयो।

हेमजा उद्योग व्यवसाय समितिका अध्यक्ष मिनराज तिम्सिनाको अध्यक्षतामा भएको कार्यक्रमा स्वागत उपाध्यक्ष शुसिला बास्तोलाले र सञ्चालन महसचिब राजेन्द्र प्रसाद बास्तोलाले गर्नु भयो।

# तनहुँ बस दुर्घटना: बेपत्ता एकजना अझै फेला परेनन्

पोखरापत्र संवाददाता
दमौली, १२ भदौं

पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका-२ ऐनापहरास्थित मर्स्याङ्दी नदीमा गत शुक्रबार भएको बस दुर्घटनामा बेपत्ता एकजना पाँच दिनसम्म फेला पर्न सकेका छैनन् । पोखराबाट काठमाडौँतर्फ गइरहेको भारतीय नम्बर प्लेट युपी५३एफटी ७६२३ नम्बरको बस मर्स्याङ्दीमा खस्दा बेपत्ता भएका २२ वर्षीय गोकर्णी सन्दीप सरोदे मङ्गलबारसम्म फेला नपरेको जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक दीपक रायले जानकारी दिनुभयो।

दुर्घटनामा २७ जनाको मृत्यु भएको थियो भने १६ जना घाइते भएका थिए। बेपत्ता भएको सरोदेको खोजी भइरहे पनि फेला पर्न नसकेको प्रहरीले जनाएको छ । सोमबार नदीमा खसेको बस निकाल्ने क्रममा बसले च्यापिएको अवस्थामा छ कि भन्ने आशङ्का रहे पनि उनी फेला नपरेको प्रहरीको भनाइ छ।

बेपत्ता भएका सरोदेका बुबाआमाको सोही दुर्घटनामा परी मृत्यु भएको छ। प्रनाउ रायले भन्नुभयो, "घाइतेहरूले दिएको विवरणका आधारमा उनी फेला परेका छैनन् । सम्भावित ठाउँमा खोजी भइरहेको छ।" प्रहरीले गत सोमबार आठ घण्टाको प्रयासमा नदीबाट बस निकालेर सडक नजिकको भागसम्म ल्याएको थियो।

# बाढीपहिरो ...

प्रदेशमा ३१ जना, गण्डकी प्रदेशमा ४७ जना, लुम्बिनी प्रदेशमा २५ जना, कर्णाली प्रदेशमा ६८ जना र सुदूरपश्चिम प्रदेशमा ३६ जना गरी जम्मा दुई सय ७२ जना घाइते भएका छन्।

बाढीपहिरोमा परेका काठमाडौँ उपत्यकामा ३३ जना, कोशी प्रदेशमा ४९ जना, बागमती प्रदेशमा १२ जना, गण्डकी प्रदेशमा १४ जना, लुम्बिनी प्रदेशमा चार जना, कर्णाली प्रदेशमा दुई जना र सुदूरपश्चिम प्रदेशमा एक सय एक जना गरी जम्मा दुई सय १५ जनाको उद्धार गरिएको प्रवक्ता कार्कीले बताउनुभयो।

उहाँले भन्नुभयो, "बाढी पहिरोमा परी कोशी प्रदेशमा तीन जना, मधेस प्रदेशमा एक जना, बागमती प्रदेशमा ४३ जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी ५२ जना बेपत्ता भएका छन् । बेपत्ताको खोजी कार्य जारी छ।" बाढीको कारण बुधबार दिउँसोसम्म जम्मा चार सय आठ घर डुबानमा परेका छन्। तीन सय ६५ वटा घर, एक सय २६ वटा गोठ, ५३ वटा पुल, सात वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको प्रहरीले जाएको छ।


# कृषि उपज केन्द्र सञ्चालनमा

पोखरापत्र संवाददाता
तनहुँ, १२ भदौं

ग्रामीण क्षेत्रका बासिन्दाले उत्पादन गरेको प्राङ्गारिक कृषि उपजलाई बजारसम्म पुऱ्याउन तनहुँको व्यास नगरपालिकाले कृषि उपज केन्द्र सञ्चालनमा ल्याएको छ।

व्यास नगरपालिका-१३ मा रहेका किसानले उत्पादन गरेका प्राङ्गारिक कृषि उपजलाई सहज तवरले बजारसम्म पुऱ्याउने हेतुले व्यास-३ मालपोत लाइनमा आजदेखि कृषि उपज केन्द्र सञ्चालनमा ल्याइएको हो। व्यास-१३ का किसान आवद्ध गाउँविकास कृषि सहकारी संस्था लिमिटेडको समन्वयमा कृषि उपज केन्द्र सञ्चालन गरिएको सहकारी संस्था लिमिटेडका अध्यक्ष चन्द्रबहादुर आलेले जानकारी दिनुभयो । कृषि उपज केन्द्रमा सहकारीमा आवद्ध किसानले उत्पादन गरेको आलु, बोडी, तरुल, पिँडालु, फर्सी, करेला, निगुरो, काँक्रो लगायतका तरकारी सुपथ मूल्यमा पाइने केन्द्रले जनाएको छ। करिब रु पाँच लाख खर्चिएर केन्द्र सञ्चालन गरिएको हो।

साना किसानलाई प्रोत्साहन र स्वस्थकर कृषि उत्पादनमा लाग्न व्यास-१३ को कार्यालयले विशेष कार्यक्रम नै बनाएर अघि बढेको व्यास- १३ का वडाध्यक्ष वसन्तबहादुर आलेले जानकारी दिनुभयो । प्राङ्गारिक कृषि उपजलाई प्रोत्साहन गरी साना किसानलाई संरक्षण गर्न व्यास नगरपालिकाको कार्यालयले मासिक भाडा तिर्ने गरी कृषि उपज केन्द्रको व्यवस्था गरिएको व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो । व्यास नगरपालिका क्षेत्रलाई कृषिमा आत्मनिर्भर बनाउनेतर्फ व्यास नगरपालिकाको कार्यालयले विभिन्न कार्यक्रम अघि सारेको उहाँले बताउनुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# रावणलाई जितेको खुसियालीमा नाचिन्छ हनुमान नाच

**खेमराज गौतम**
बागलुङ, १२ भदौं /रासस

गालामा अनेकथरी पोतिएको रङ, शिरमा श्रीराम लेखिएको रातोपट्टी, शरीरको माथिल्लो भागमा रातो र तल्लो भागमा सेतो पहिरन, पछाडि पुच्छर जोडेर हनुमान जस्तै देखिने एक हूल मानिस जोडी बनेर बागलुङ बजारमा नाच्दै हिँड्छन् ।



एकापसमा लौरो ठोक्दै हनुमानको भेषमा सजिएका युवाहरू २६ जना युवा १० तालको सुरुमा नाच्दै हिँड्ने परम्परा यहाँका नेवार समुदायले झन्डै तीन सय वर्षदेखि बचाउँदै आएका छन् । नाच्नेहरू 'हनुमानको स्वरूप'मा उत्रिन्छन् भने विभिन्न तालमा बाजा बजाउँदा अन्य व्यक्तिहरूको पनि शरीरमा कम्पन पनि हुने गर्छ । उनीहरूले 'वीर चढेको भनिन्छ । उनीहरू अचेत जस्तै बनेर हल्लिन्छन् । नाचमा सहभागी पुजारीले वीर उठेका हनुमानलाई नियन्त्रणमा लिन्छन् । हनुमान नाचमा संलग्न पुजारीले सेता गन्जी र कछाड बाँध्ने गर्छन् ।

दुई/दुई जनाको जोडी बनाएर सङ्गीतको तालमा नाच्नुलाई हनुमान नाचको रूपमा लिइन्छ । हनुमान नाच नेवार समुदायमा प्रचलित सांस्कृतिक नाच हो । भूपतिन्द्र मल्लको पालामा भक्तपुरबाट सुरु गरेको ' हनुमान नाच' बागलुङका नेवार समुदायले संरक्षण गरेका हुन् । खर्चिलो नाचको रूपमा रहेको यो नाच व्यवस्थापनमै कठिन भएपछि तीन वर्षमा देखाइने नाच बिस्तारै पाँच वर्ष, सात वर्ष र अहिले नौ वर्षमा पुगेको स्थानीय मुकेशचन्द्र राजभण्डारी बताउनुहुन्छ । पुर्खाले आफ्नो उद्गमस्थलबाट लिएर आएको धार्मिक संस्कार जोगाउन मुस्किल भएको श्रेष्ठको भनाइ छ । यस नाच रामायण कथामा आधारित रहेको हनुमान नाच र देखाउने तालका कारण बुझ्न र देख्न सकिन्छ । रामको सेवकका रूपमा रहेको हुनमान रहेको भन्दै नाच शुभारम्भको दिन बागलुङ बजार परिक्रमासँगै बागलुङ नगरपालिका-४ उपल्लाचौर स्थित राम मन्दिर परिक्रमा गरेर फर्कने राजभण्डारीको भनाइ छ । अष्टचिरञ्जीवीका रूपमा हनुमानलाई पूजा गर्ने र उनैको नाच प्रदर्शन गर्दा जीवनभर शक्ति प्राप्त हुने विश्वास रहेको छ ।

भक्तपुरका नेवार समुदाय १७६८ सालमा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएसँगै हनुमान नाच नाच्न थालिएको इतिहास रहेको पाइन्छ । बीचमा केही वर्ष हराएको नाचले २०१३ सालदेखि निरन्तरता पाउन थालेको हो । बागलुङ बजारको नारायण चोकबाट सुरु हुने उक्त नाचमा बागलुङ बजार हुँदै उपल्लाचौरको राम मन्दिर पुगेर फर्कने गरिन्छ । मङ्गलबारदेखि सुरु गरिएको हनुमान नाच चैतसम्म नाचिने हनुमान नाच संरक्षण परिषद् बागलुङले जनाएको छ । कोरोना कहरलगायतका कारण बीचमा केही वर्ष नाच रोकिएको मूल व्यवस्थापक ईश्वर मलेपतीले जानकारी दिनुभयो । २०७२ सालमा विधिवत नाचिएको नाच अहिले आएर नाचिन थालिएको छ । हनुमान नाच संरक्षण परिषद् बागलुङको पहलमा यहाँका नेवार समुदायका युवाहरू साउन महिनादेखि नै यसको तयारीमा जुटेका थिए ।

यस नाचमा कम्तीमा १३ र बढीमा १५ जोडी युवा हनुमानको भेषधारण गरी नाच्ने गर्दछन् । पुस्तान्तरण नहुँदा हनुमान नाच संरक्षणमा चुनौती बढेको भन्दै यसवर्ष नेवार समुदायका युवा पुस्तालाई हनुमानको रूपमा अगाडि सारिएको हनुमान नाच संरक्षण परिषद् बागलुङका अध्यक्ष तीर्थप्रसाद श्रेष्ठले बताउनुभयो । हनुमान नाचमा कलाकार बनेर सहभागी हुन कडा अनुशासन र आचारसंहिता पालना गर्नुपर्ने हुन्छ । नाचमा सहभागी हुने कलाकारलाई शपथ खुवाएर मात्रै सहभागी गराउने गरिन्छ ।

बागलुङ नगरपालिका-३ नारायणचोकको भीमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत् रूपमा हनुमान नाच शुभारम्भ हुने मूल व्यवस्थापक मलेपतीले बताउनुभयो । "यो नाच नेपालबाटै लोप हुने अवस्थामा छ, संरक्षणका लागि ढिलै भएपनि नाच देखाउन थालिएको छ" उहाँले भन्नुभयो । उहाँका अनुसार हुनमानको मूर्ति लिएर बजार परिक्रममा गरी नारायणचोक चौतारीमा स्थापना गर्ने र नाच विर्सजन गरेपछि पुनः मूर्तिलाई हनुमान मन्दिरमा लगेर राख्ने परम्परा रहेको छ ।

बाजाको तालमा एक अर्काले लठ्ठी ठोकेर पुच्छर हल्लाउदै हनुमानको भेषमा हिड्नु पर्दछ । हनुमान नाचमा विभिन्न प्रकारका ताल छोपेर नाच्नुपर्छ । हनुमान नाचमा १० ताल हुने गरेको मलेपतीको भनाइ छ । कुनै पनि ताल बजाउँदा कलाकारहरूले बरिब दुई इन्चको मोटाइ भएको १.५ फिट लामो गोलो आकारको डण्डीको एक छेउको टुप्पा भूईंमा टेकाई अर्को छेउमा आफ्नो दुवै हातले टेकी घोप्टो अवस्थामा अनुशासित र मर्यादित ढङ्गबाट अखेडामा रहनु पर्दछ । यसमा पहिलो ताल, सलामी ताल, छ ताल, १२ ताल, १६ ताल, घेरा हाल्ने ताल, आठ ताल, भजन ताल र २४ ताल र प्रस्थान ताल रहेका छन् ।

आर्थिक रूपमा र कलाकार जोहो गर्न पनि कठिन हुन थालेपछि जोगाउनै मुस्किल परेको मंकाः खल बागलुङका अध्यक्ष मुकेशचन्द्र राजभण्डारीले बताउनुभयो । हुनमान नाचमा यस पटक रु १५ लाखसम्म खर्च हुने अनुमान गरिएको छ । जनशक्तिको हिसाबले धेरै जना कलाकार आवश्यक पर्ने र आर्थिक रूपमा पनि खर्चिलो हुने गरेको हनुमान नाच जोगाउन कठिन भएको उहाँको भनाइ छ ।

रामायण कथामा रहेको राम वनवास भएको समयमा सीतालाई हरण गरेपछि रावणले रामसँग गरेको टकरावलाई लिएर नाचको उदय भएको मानिन्छ । पौराणिक ग्रन्थ रामायणअनुसार मर्यादा पुरुष भगवान रामचन्द्रकी पत्नी सीतालाई लङ्काका राजा रावणले हरण गरी लग्दा हनुमानको सहयोगबाट सीतालाई फर्काउन सफल भएको खुसीयालीमा हनुमान नाचिएको इतिहास रहेको छ । हनुमानले रामका भाइ लक्ष्मण बेहोस हुँदा सञ्जीवनी बुटीका लागि पर्वतै उचाली उनको प्राण बचाउनमा महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । वीर हनुमानमा निहित पराक्रम, विरता, अनुशासन, भक्तिभावलाई नृत्यको माध्यमबाट आराधना र प्राथना गर्नाले शक्ति मिल्छ भन्ने हिन्दू धर्मावलम्बीहरूको विश्वासले मल्लकालदेखि नै यो नाच नाचिने गरेको छ । बागलुङ नगरभित्र मात्रै नाचिने हनुमान नाचलाई बागलुङ नगरपालिकाले विश्व सम्पदामा सूचीकरण गर्न पहल गर्ने जनाएको छ । नगरपालिकाले हनुमान नाचलाई विश्व सम्पदामा सूचीकरणको आवश्यक काम अगाडि बढाइने जनाउँदै संरक्षणका लागि बजेटसमेत विनियोजन गरेको नगर उपप्रमुख राजु खड्काले जानकारी दिनुभयो । पर्यटन प्रवर्द्धनका लागि उक्त नाचको संरक्षण र पुस्तान्तरण गर्न आवश्यक भएकाले नगरपालिकाले चासो दिएको हो ।

# नागढुंगा आमा समूहको रमाइलो तीज तथा शुभकामना आदान प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १२ भदौं

'एकता, सहकार्यसँगै मनोरञ्जन, संस्कृती जगेडा हाम्रो प्रतिबद्धता' भन्ने नाराका साथ पोखराको नागढुंगा आमा समूहले रमाइलो तीज तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।



सो अवसरमा भएको तीजे सांस्कृतिक नृत्य प्रतियोगितामा सवनम अधिकारीले प्रथम, शान्ता बस्नेतले द्वितीय तथा सेन्सिका गिरीले तृतीय स्थान हासिल गरे । उनीहरुलाई नगद सहित पुरस्कृत गरियो । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नम्बर ९ का वडा सदस्य गीता चर्मकार, अर्का वडा सदस्य तथा कार्यक्रमका विशेष अतिथि भावना श्रेष्ठ, आयोजक नागढुंगा आमा समूहका अध्यक्ष कमला केसी, उपाध्यक्ष कमला श्रेष्ठ, संस्थापक अध्यक्ष पवित्र गिरी लगायतले विजयीहरुलाई पुरस्कृत गरे । समूहले हरेक वर्ष प्रदान गर्दै आएको समूहका जेष्ठ नागरिक सदस्य सम्मानबाट मनुमाया लामिछाने सम्मानित हुनुभयो । उहाँलाई प्रमुख अतिथि, विशेष अतिथि लगायत अतिथिहरूले दोसल्ला सहित सम्मान-पत्रले सम्मानित गरे । सो अवसरमा कार्यक्रमका प्रमुख अतिथि गीता चर्माकारले तीजका अवसरमा आयोजना गरिने कार्यक्रम मौलिक हुनुपर्नेमा जोड दिनुभयो । समूहका अध्यक्ष कमला केसीले समूहले विगतका वर्षहरूदेखि नै परम्परागत संस्कृती जोगाउनका लागि यस्तो कार्यक्रम गर्दै आएको बताउनुभयो । कार्यक्रममा महिला सञ्जाल वडा ९ का उपाध्यक्ष सरिता बास्तोला, संस्थाका संस्थापक अध्यक्ष पवित्रा गिरी, निवर्तमान अध्यक्ष लक्ष्मी गिरी, चण्डिका आमा समूहका अध्यक्ष सीता नेपाली, शान्तिघाट आमा समूहका अध्यक्ष सरस्वती श्रेष्ठ, नागढुंगा टोल विकास संस्थाका सचिव विष्णु सुवेदी, नेपाल रेडक्रस सोसाइटी गण्डकी प्रदेशका कोषाध्यक्ष तथा महिला नेत्री उमा ठकुरी लगायतले शुभकामना मन्तव्य राखेका थिए । समूहका सचिव सीमा लामिछानेले सञ्चालन गरेको कार्यक्रममा उपाध्यक्ष कमला श्रेष्ठले कार्यक्रमका बारेमा प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

# थासाङ हिउँपहिरो: थुनिएको बोक्सीखोला बग्न थाल्यो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ भदौं

धवलागिरि हिमशृङ्खलाको मानापाथी हिमालबाट मङ्गलबार साँझ खसेको हिमपहिरोले पूर्ण रूपमा थुनिएको मुस्ताङको थासाङ गाउँपालिकामा रहेको बोक्सीखोला बग्न थालेको छ ।

मुस्ताङको थासाङ गाउँपालिका-२ स्थित मुलखर्कबाट बोक्सीखोला क्षेत्रमा हिउँपहिरोले थुनिएको खोला करिब १३ घण्टापछि आज बिहानदेखि बग्न थालेको हो । थासाङ-२ का वडाध्यक्षसमेत रहनुभएका गाउँ कार्यपालिकाका प्रवक्ता गौतम शेरचनले मङ्गलबार बिहानदेखि थुनिएको ठाउँबाट खोला बग्न थालेको बताउनुभयो । "मङ्गलबार साँझ ५:४५ बजेतिर खसेको हिउँपहिरो थुप्रिएर बोक्सी खोला पूरै सुकेको थियो", उहाँले भन्नुभयो, "सामान्य अवस्थाको तुलनामा आधा जति बगेको खोलामा विस्तारै पानीको मात्रा बढ्दै गएकाले तटीय क्षेत्रमा सतर्कता अपनाएका छौँ ।"

खोँचमा थुप्रिएको हिउँलाई खोलाको पानीले पगालेर विस्तारै बग्न थालेको शेरचनले बताउनुभयो । तटीय क्षेत्रका नौवटा घरलाई राति सुरक्षित ठाउँमा सारिएको थियो । पाखो र खोला किनारमा थुप्रिएको हिउँ पहिरोले मानवीय र भौतिक क्षति नगरेको थासाङ गाउँपालिका-२ का वडा सदस्य भीमप्रसाद थकालीले बताउनुभयो ।

बोक्सीखोलाको मूलखर्कदेखि तल करिब एक किलोमिटरसम्म हिउँपहिरो थुप्रिएको छ । सो ठाउँमा यही भदौ ७ गते दिउँसो पनि हिउँ पहिरो खसेको थियो । हिउँ पहिरोले थुनिएको बोक्सीखोला तीन घण्टापछि बग्न थालेको थियो । यसअघिकै हिउँको थुप्रो पग्लिएर नसकिँदै पुनः पहिरो आएर हिउँ थपिएको हो ।

बोक्सीखोला कालीगण्डकीको सहायक खोला हो । तीनवटा ठाडो खोला मिसिएर बोक्सीखोला बग्ने गर्छ । आसपासमा बस्ती नभए पनि बेनी-जोमसोम सडक बोक्सीखोलामा पर्दछ । थासाङ गाउँपालिका अध्यक्ष प्रदीप गौचन, वडाध्यक्ष शेरचनसहित सुरक्षाकर्मीको टोलीले हिउँपहिरो थुप्रिएको ठाउँको निरीक्षण गर्नुभएको थियो । हिउँ पहिरो थुप्रिएको ठाउँमा तलाउ छैन । हिउँ विस्तारै पग्लने भएकाले जोखिम कम हुने अनुमान गरिए पनि पूरै नपग्लिँदासम्म तटीय क्षेत्रमा सतर्कता अपनाउनुपर्ने प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले बताउनुभयो । यसअघि विसं २०७८ कात्तिक २८ र फागुन २१ गते थासाङ गाउँपालिका-२ कोवाङमा टुकुचे हिमालबाट आएको हिमपहिरोले एक सय ५० भन्दा बढी चौँरीगाई मरेका थिए । पछिल्लो हिउँपहिरोबाट मानवीय र पशुधनको क्षति भने नभएको जिल्ला प्रशासनले जनाएको छ ।

# बेनी-जोमसोम-कोरला सडक: सिरुबारीको पहिरोमा दुर्घटनाको जोखिम

**पोखरापत्र संवाददाता**
बेनी, १२ भदौं

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ सिरुबारी क्षेत्रको पहिरोले दुर्घटनाको जोखिम बढेको छ । कालीगण्डकी किनारको पाखोमा निर्माण भएको सडकमा खस्ने पहिरोका कारण बेनी-जोमसोम सडकमा नियमित यातायात सञ्चालन प्रभावित हुनुका साथै दुर्घटनाको जोखिम बढेको हो । स्तरोन्नतिका क्रममा रहेको बेनी-जोमसोम-सडक आयोजनाका सबइन्जिनियर सोहनजङ्ग कार्कीले गत वर्षदेखि सृजना भएको सिरुबारीको पहिरोले दुःख दिइरहेको बताउनुभयो । "करिब एक किलोमिटरमाथिको पाखो बगेको छ", उहाँले भन्नुभयो "खसेको पहिरो पन्छाउदै सावधानी अपनाएर यातायात सञ्चालन गरिएको छ ।" आकाशबाट पानी पर्नेबित्तिकै पाखोबाट ढुङ्गा, लेदो र गेगरसहितको पहिरो खसेर सडकमा थुप्रिन्छ । हिलोमा सवारीसाधन फस्ने, गुडिरहेका सवारीमाथि ढुङ्गा खस्ने, यात्रीलाई चोटपटक लाग्ने जोखिम छ ।

यही भदौ ४ गते पोखराबाट बेनी हुँदै जोमसोमतर्फ जाँदै गरेको ग१ख ७७१७ नम्बरको बस सिरुबारीको पहिरोमा गुडिरहेको अवस्थामा ठूलो ढुङ्गा खसेर च्यापिदा दुईजना यात्रा घाइते भएका थिए । पहिरोले सयौँ रोपनी खेतीयोग्य जमिन र जङ्गल नष्ट भएको छ । सवारी चालक तम परियारले त्रासैत्रासमा गाडीलाई पहिरो पार गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । सिरुबारी क्षेत्रमा करिब पाँच सय मिटर सडक पहिरोले छियाछिया बनाएको छ । मुस्ताङ जिल्ला, म्याग्दीको अन्नपूर्ण गाउँपालिकाका बासिन्दाका साथै पर्यटक र तिर्थयात्रीलाई पहिरोका कारण जोखिम र सास्ती भएको छ । सिरुबारी, महभिर, बैसरी, गुइँठेभिरलगायत ठाउँमा पहिरोको उच्च जोखिम भएकाले रातको समयमा यात्रा नगर्न र सावधानी अपनाउन जिल्ला प्रशासन कार्यालय, रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका र बेनी-जोमसोम-कोरला सडक आयोजनाले अपिल गरेका छन् । ती ठाउँमा खस्ने पहिरो पन्छाएर यातायात सञ्चालन गर्न सडक विभागको डोजर, लोडर, ब्याकुहोलोडर तयारी अवस्थामा राखिएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख ध्रुवकुमार झाले बताउनुभयो ।

पहिरो, कटान र बाढीको जोखिम भएको ठाउँमा दीर्घकालीन समाधानका लागि अध्ययन गरेर भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयमा योजना माग गरिएको उहाँले बताउनुभयो । योजना र बजेटको अभावमा पहिरो रोकथामका लागि दीर्घकालीन काम गर्न नसकेको झाले बताउनुभयो ।


## शिक्षक आवश्यकता

शुक्लागण्डकी नगरपालिका दुलेगौडा तनहुँको च.नं. ३५३ मिति २०८१/०५/१२ गतेको पत्रअनुसार साथै श्री राजपुर माध्यामिक विद्यालयको २०८१/०५/११ गतेको विद्यालय व्यवस्थापनसमितिको बैठकको निर्णय अनुसार श्री राजपुर माध्यामिक विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह तृतिय श्रेणीको करार सामाजिक विषयको शिक्षक पदमा शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशील**

विज्ञापन नं.: ०१/२०८१/२०८२ पदः शिक्षक
संख्याः १ जना तहः नि.मा.वि. सामाजिक किसिमः करार
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
योग्यताः मान्यता प्राप्त शैक्षिक संस्था वाट + २ उत्तीर्ण वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान


दरखास्त दिने अन्तिम मितिः २०८१/०५/२७ गते ४ बजेसम्म
सम्पर्क मितिः २०८१/०५/२८ गते
परिक्षाः सम्पर्क मितिमा सूचित गरिनेछ ।
दरखास्त दस्तुरः रु १०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
करार सूचीमा भएका उम्मेदवारहरुले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफ्नो करार सूची क्रमाङ्क सहित विद्यालयमा निवेदन दिनुपर्नेछ ।

**श्री राजपुर माध्यामिक विद्यालय**
**शुक्लागण्डकी नगरपालिका -११ राईपुर, तनहूँ**
**सम्पर्क नं.: ९८४६०२७४८१, ९८४६०७९७३६**
Email: rajpurss26@gmail.com


# 'मिस भिवा'का १६ प्रतिस्पर्धी सार्वजनिक

**रासस**
काठमाडौं, १२ भदौं

'मिस भिवा' का १६ जना प्रतिस्पर्धी सार्वजनिक गरेको छ । बुधबार आयोजित एक समारोहका बीच उमङ्ग क्रियशनले प्रतिस्पर्धीसहित (ताज) क्राउन सार्वजनिक गरेको हो ।



'मसि भिवा' संस्कृत शब्द रहेकाले यसको नेपाली अर्थ ब्रेभ, बोर्ड, ब्युटीको रहेको उमङ्ग क्रियशनका प्रबन्ध निर्देशक उद्धव अधिकारीले बताउनुभयो । मिस भिवाका विजेताले मिस ग्रान्ड नेपालमा सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो । प्रतियोगितामा जम्मा १६ जना प्रतिस्पर्धी सहभागी रहेका छन् । जसमा मिमोशा राई, अस्मिता शाह, डा काजल ठाकुर, आकृति कुँवर, प्रेक्षा जोशी, विना महर्जन, प्रेमा लामगाढे, ज्योति खड्क, रिंसा शाक्य, कृशला गुरूङ, प्रिया महर्जन, श्रीया मानन्धर, शिशेका सुब्बा, सञ्जु केसी, सुधिरा यादव र जेनिता सेञ्चुरी सहभागी रहेका छन् । प्रशान्त ताम्राकारको कोरियोग्राफीमा प्रतिस्पर्धीलाई सार्वजनिक गरिएको थियो । कार्यक्रमा सबैभन्दा महँगो रु २५ लाख बराबरको क्राउन सार्वजनिक गरिएको थियो । यो अपाला ज्वेलर्सले नेपाली संस्कृति र पहिचान झल्कने गरी डाइमन तथा ह्वाइट गोलबाट निर्माण गरेको त्यस अवसरमा जानकारी दिइयो । प्रबन्धक अधिकारीले इन्टरनेशनल फ्रेञ्चाइजसहित पहिलो चरणमा अन्तर ार्ष्ट्रियस्तरमा उत्कृष्ट २० मा पुऱ्याइसकेको र अब मिस भिवालाई अन्तर्राष्ट्रिय प्याजेन्टका रूपमा नेपालमा नै गर्ने लक्ष्यका साथ अगाडि बढाइएको बताउनुभयो ।

विजेताले मिस ग्राण्ड इन्टरनेशनलमा प्रतिनिधित्व गर्ने छन् । 'मिस भिवा' थाइल्याण्डको फ्रेञ्चाइज हो ।